**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना**

**(सूचना प्रकाशित मिति २०८३/०१/०९ गते बुधबारको समृद्ध समाज राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिनुभएको ऋण कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०२/२० गते बुधबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको **शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइछ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **१. ऋणी : ठाकुर प्रसाद चौलागाई** (ना.प्र.नं. ४७/३११५४, जारी मिति २०६२/१०/०२, दोस्रो प्रतिलिपि मिति २०७१/०७/१०, जारी गर्ने कार्यालय जि.प्र.का. मकवानपुर)। ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. १७ (साबिक हटिया गा.वि.स. वडा नं. २) राजदेवी।<br>बाबु : भवनाथ चौलागाई।<br>बाजे : लक्ष्मी कान्त चौलागाई। | **जमानतकर्ता : पार्वती कुंवर** (ना.प्र.प.नं. ५९१, जारी मिति २०६१/०१/०२, जारी गर्ने कार्यालय जि.प्र.का सुनसरी)। स्थाई ठेगाना : सुनसरी जिल्ला रामधनी न.पा. वडा नं. ४ (साविक सिंगिया गा.वि.स. वडा नं. २)।<br>ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. १७, राजदेवी। बाबु : खेमराज कुंवर।<br>पति : ठाकुर प्रसाद चौलागाई ।<br>ससुरा : भवनाथ चौलागाई। |

**लिलाम विक्री हुने धितो सुरक्षणको बिवरण :**
ठाकुर प्रसाद चौलागाईको नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला हटिया गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४, स्थित कित्ता नं. ६८८०, क्षेत्रफल ०-४-०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१

| | |
|---|---|
| **२. ऋणी : पार्वती कुंवर** (ना.प्र.प.नं. ५९१, जारी मिति २०६१/०१/०२, जारी गर्ने कार्यालय जि.प्र.का सुनसरी)। स्थाई ठेगाना : सुनसरी जिल्ला रामधनी न.पा. वडा नं. ४ (साविक सिंगिया गा.वि.स. वडा नं. २)।<br>ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. १७, राजदेवी।<br>बाबु : खेमराज कुंवर। पति : ठाकुर प्रसाद चौलागाई ।<br>ससुरा : भवनाथ चौलागाई। | **जमानतकर्ता : ठाकुर प्रसाद चौलागाई** (ना.प्र.नं. ४७/३११५४, जारी मिति २०६२/१०/०२, दोस्रो प्रतिलिपि मिति २०७१/०७/१०, जारी गर्ने कार्यालय जि.प्र.का. मकवानपुर)। ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. १७ (साबिक हटिया गा.वि.स. वडा नं. २) राजदेवी।<br>बाबु : भवनाथ चौलागाई।<br>बाजे : लक्ष्मी कान्त चौलागाई। |

**लिलाम विक्री हुने धितो सुरक्षणको बिवरण :**
पार्वती कुंवरको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला सिंगिया गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २घ, स्थित कित्ता नं. १३६, क्षेत्रफल ०-१-०-० (विघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरबाट** समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरमा सम्पर्क राख्न सकिनेछ।**

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७९०००**

Size: 3x25